# भीरकोट नगरपालिका उपप्रमुख श्री भगवती रेग्मी अर्यालद्वारा प्रस्तुत

# आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्य

भीरकोट नगरपालिका

बयरघारी, स्याङ्जा

८ असार, २०८१

# आर्थिक वर्ष २०८१/८२ को बजेट बक्तब्य

**आदरणीय यस गरिमामय सभाका सभाध्यक्षज्यू, नगरसभा सदस्यहरु र राष्ट्रसेवक कर्मचारी मित्रहरुः-**

१. भीरकोट नगरपालिकाको नगर उपप्रमुख एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस गरिमामय सभामा हाम्रो कार्यकालको तेस्रो तथा आर्थिक वर्ष २०८१/८२ को प्रस्तावित वार्षिक बजेट प्रस्तुत गर्न पाउँदा आफुलाई भाग्यमानी ठानेको छु।

२. चालू आर्थिक वर्षमा संघीय तथा प्रदेश सरकारबाट प्राप्त सिलिङ बमोजिमको रकम प्राप्त नहुनु र नगरपालिकाको आन्तरिक आम्दानी समेत लक्ष्य अनुसार हासिल हुन नसकेकाले चालु आर्थिक वर्षका केही नीति तथा कार्यक्रमको कार्यान्वयनमा अप्ठ्यारो परेको व्यहोरा सदस्यहरुलाई अवगत नै छ ।

३. यस गरिमामय सभामा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गरिरहँदा गत विगत देखि देखिँदै आएका समस्याहरु आगामी आर्थिक वर्षदेखि क्रमश समाधान हुँदै जाने आशा र विश्वासका साथ आर्थिक वर्ष २०८१/८२ को प्रस्तावित बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**नगरसभा सदस्यहरु,**

४. यस अवसरमा सर्वप्रथम म नेपाली जनताले इतिहासका विभिन्न कालखण्डमा प्रजातन्त्र, समाजवाद, र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपाल स्थापनाका लागी भएका विभिन्न आन्दोलनमा आफ्नो जीवन वलिदान दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रदाञ्जली व्यक्त गर्दछु ।

५. यस गरिमामय सभामा आगामी आर्थिक वर्षको प्रस्तावित बजेट तथा कार्यक्रमबाट हामीले गत विगत देखि गरेको प्रतिवद्धता र लक्ष्य प्राप्तिमा थप सहयोग पुग्ने अपेक्षा लिएको छु ।

**नगरसभा सदस्यहरु**

६. अब म आर्थिक वर्ष २०८०/८१ को जेठ मसान्त सम्मको यथार्थ आम्दानी तथा खर्चको विवरण यस सभामा संक्षिप्त रुपमा प्रस्तुत गर्दछु ।

७. चालू आर्थिक वर्ष २०८०/८१ को जेठ मसान्तसम्म चालू तर्फ रु. ५७ करोड ३३ लाख ३६ हजार विनियोजन भएकोमा रु. ४७ करोड २८ लाख ११हजार ५ सय १५ (सामाजिक सुरक्षा सहित) अर्थात करिब ८२ प्रतिशत खर्च भएको छ ।

८. त्यसैगरी पुँजिगत तर्फ रु. २० करोड ६७ लाख विनियोजन भएकोमा रु. १३ करोड ६८ लाख ३७ हजार ४४० अर्थात करिब ६६ प्रतिशत खर्च भएको छ ।

९. यसका साथै संघीय शसर्त अनुदान तर्फ रु. ३० करोड ३२ लाख ४७ हजार वित्तिय हस्तान्तरण भई आएकोमा जेठ मसान्तसम्म रु. २६ करोड ३३ लाख ४९ हजार ८३२ अर्थात ८६.८४ प्रतिशत खर्च भएको छ ।

१०. चालू आर्थिक वर्ष २०८०/८१ मा कुल रु. ६१ करोड ४३ लाख ६३ हजार बजेट विनियोजन भएकोमा जेठ मसान्त सम्म रु. ४८ करोड २३ लाख ६५ हजार ३४४ अर्थात करिब ७८.५१ प्रतिशत खर्च भएको छ ।

११. चालू आर्थिक बर्षको बजेटमा विनियोजित रकमको खर्च व्यहोर्ने स्रोत अन्तर्गत नगरपालिकाको आन्तरिक राजश्वतर्फ रु. ७ करोड ३० लाख ८९ हजार १०० संकलन गर्ने लक्ष्य रहेकोमा जेठ मसान्तसम्म रु. ५

करोड ३७ लाख ५३ हजार ७०६ अर्थात लक्ष्यको तुलनामा ७३.५५ प्रतिशत मात्र उपलब्धि हासिल भएको छ ।

१२. संघीय समानीकरण अनुदान तर्फ रु. १० करोड ११ लाख प्राप्त हुने लक्ष्य लिएकोमा जेठ मसान्तसम्म रु. ७ करोड ४९ लाख २५ हजार २१० अर्थात लक्ष्यको ७४.११ प्रतिशत मात्र प्राप्त भएको, संघीय राजश्व तर्फ रु. ८ करोड ४८ लाख ४७ हजार ९०० प्राप्त हुने अनुमान गरिएकोमा जेठ मसान्तसम्म रु. ५ करोड ६३ लाख ७२ हजार ३४ अर्थात अनुमानको ६६ प्रतिशत मात्र प्राप्त हुन आएको छ ।

१३. प्रदेश समानीकरण अनुदान तर्फ रु. १ करोड ३१ लाख ३० हजार प्राप्तहुने अनुमान गरिएकोमा जेठ मसान्तसम्म रु. ९८ लाख ४७ हजार अर्थात लक्ष्यको ७५ प्रतिशत मात्र प्राप्त भएको, त्यसैगरी प्रदेश राजश्व बाडफाँट तर्फ जेठ मसान्तसम्म रु. १ करोड ४९ लाख ४९ हजार हुने अनुमान गरिएकोमा जेठ मसान्त सम्म अर्थात लक्ष्यको तुलनामा १०० प्रतिशत प्राप्त भएको ।

१४. जेठ मसान्तसम्म संघीय तथा प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान, राजश्व बाडफाँट वापत प्राप्त हुने रकम र नगरपालिकाको आन्तरिक आम्दानी समेतमा लक्ष्य अनुसार करिब ८४ प्रतिशत रकम प्राप्त भएको र उपरोक्तानुसारका केही रकम असार मसान्तसम्म प्राप्त हुन आएमा सम्झौता भई कार्य सम्पन्न भएका आयोजनाहरुको भुक्तानी हुन सक्ने देखिन्छ अन्यथा भुक्तानी गर्न बाँकी भएका आयोजनाहरुको समेत दायित्व आगामी आर्थिक वर्षमा सार्नु पर्ने देखिन्छ । यस अवस्थालाई मध्येनजर गरी आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गरिएको छ।

**नगरसभा सदस्यज्यूहरु**

१५. अब म आगामी आर्थिक वर्षको बजेटका उद्देश्य तथा प्राथमिकतालाई प्रस्तुत गर्ने अनुमति चाहन्छु। बजेटका मुख्य मुख्य उद्देश्य देहायबमोजिम रहेका छन् ।

१६. संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, राजश्व बाडफाँटबाट प्राप्त हुने रकम र आन्तरिक राजश्वबाट प्राप्त रकमलाई मितव्ययी तथा प्रभावकारी रुपमा परिचालन गर्ने ।

१७. कृषि तथा पशुपालन क्षेत्रमा लगानी वृद्धि गरी नगरपालिकालाई खाद्यान्न, फलफूल, तरकारी, दुध तथा मासुमा आत्मनिर्भर बनाउने ।

१८. अति विपन्न, विपन्न दलित, असहाय अपाङ्ग लगायतका सम्पूर्ण नगरबासीहरुको स्वास्थ्यमा पहुँच विस्तार गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने।

१९. शैक्षिक क्षेत्रको गुणस्तरमा सुधार गर्ने ।

२०. नगरपालिकाभित्रका दुई जिल्ला जोड्ने जिल्ला सडक तथा सहायक कच्ची सडकको स्तरोन्नती गरी पक्की सडकमा रुपान्तरण गर्ने ।

**माथि उल्लिखित उद्देश्य हासिल गर्न देहाय बमोजिमका प्राथमिकताका आधारमा बजेट तथा कार्यक्रम प्रस्तुत गरिएको छ।**

२१. सडक यातायातको विस्तार, स्तरोन्नती र मर्मत सम्भार गरी बाह्रै महिना यातायात सुचारु हुने व्यवस्था मिलाउने।

२२. विपन्न नागरिक स्वास्थ्य वीमा कार्यक्रम, विभिन्न रोगसँग सम्बन्धित घुम्ती स्वास्थ्य शिविर, खोप कार्यक्रम विस्तार र सुत्केरी महिला पोषण कार्यक्रम तथा महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिने ।

२३. कृषि तथा पशुपालन व्यवसायमा संलग्न कृषक/कृषक समूहहरुलाई आवश्यक पर्ने मेशिनरी औजार, उन्नत मल, विऊ, फलफूलका बेर्ना, उन्नत जातका गाईभैसी तथा बाखा वितरण समेतका कार्यक्रमलाई प्रोत्साहन गरी उत्पादन तथा उत्पादकत्व बढाउने ।

२४. बेरोजगार युवा युवतीलाई आधारभूत ज्ञान, सीप तथ क्षमता विकास गरी उद्यमशिल बनाउने।

२५. कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहमा सुधार गरी सेवाग्राही मैत्री कार्यालय बनाउने ।

२६. नगरपालिकाको आन्तरिक आम्दानीमा वृद्धि हुने खालका योजना तथा कार्यक्रम संचालन गर्ने।

२७. धार्मिक तथा पर्यटन क्षेत्रको विकास, विस्तार र स्तरोन्नती गरी आन्तरीक पर्यटक प्रवर्द्धनमा जोड दिने।

२८. शैक्षिक गुणस्तरमा देखिएका समस्याको पहिचान गरी त्यस्ता समस्या क्रमश न्यूनिकरण गर्दै जाने ।

**नगरसभा सदस्यज्यूहरु**

अब म क्षेत्रगत रुपमा आगामी आर्थिक वर्षका लागि प्रस्तावित बजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**क) पूर्वाधार विकास**

२९. गत आर्थिक वर्षदेखि प्राथमिकतामा रहेका २ वटा रणनैतिक सडकहरु मध्ये बयरघारी-ठूलिभञ्ज्याङ हुँदै पर्वत जोड्ने सडक खण्डको स्तरोन्नतीका लागि संघीय समपुरक अनुदानबाट रु. १ करोड ४० लाख र नगरपालिकाको समपुरक कोषबाट रु. १ करोड ४० लाख गरी जम्मा रु. २ करोड ८० लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु । गण्डकी प्रदेश सरकारको समपुरक अनुदान शिर्षकबाट सुन्दरबजार स्वेरेक मैदान सडक स्तरोन्नतीका लागि विनियोजित ६० लाख र नगरपालिकाको समपुरक अनुदानबाट ४० लाख गरी जम्मा १ करोड विनियोजन गर्ने व्यवस्था मिलाएको छु, साथै सरसफाई केन्द्र र भीरकोट पार्क स्तरोन्नतीका लागी प्रदेश विशेष अनुदान अन्तर्गत रु. ४० लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

३०. नगरबासीहरुको चाहना र नगरको प्राथमिकता समेतलाई मध्येनजर राखी वडा तर्फका तपसिल बमोजिमका सहायक सडकहरुको स्तरोन्नतीका लागी निम्नानुसारको रकम विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

<u>तपसिल</u>

| सि.न. | वडा न. | सडकको नाम | विनियोजित रकम रु. |
|---|---|---|---|
| १) | १ | बयरघारी-जगतपुर सडक खण्ड स्तरोन्नती | २० लाख |
| २) | २ | म्यालडाँडा-बाहखोला-केघा सडक स्तरोन्नती | २० लाख |
| ३) | ३ | वडा कार्यालय-देउराली चोक- कोखे सडक स्तरोन्ती | ३० लाख |
| ४) | ४ | छाङछाङ्दी-दभुङठाँटी सडक स्तरोन्नती | २० लाख |
| ५) | ५ | चाप्पानी गढीभञ्ज्याङ्ग सडक ढलान | १० लाख |
| | | सुन्दरबजार स्वेरेक मैदान सडक ढलान | १० लाख |
| ६) | ६ | सिमलचौर -आमडाँडा -तिसेदी सडक स्तरोन्नती | १० लाख |
| | | पाटापाटी -सुन्दरचौर सडक स्तरोन्नती | १० लाख |

| | | | |
|---|---|---|---|
| ७) | ७ | गाडापानी पासिन्डाँडा सडक स्तरोन्नती | १० लाख |
| | | मर्तमास-गहते-इन्द्रश्चारा सडक स्तरोन्नती | १० लाख |
| ८) | ८ | सानोभञ्ज्याङ ग्रामिण सडक स्तरोन्नती | १० लाख |
| | | रिपुखोला ग्रामिण सडक स्तरोन्नती | १० लाख |
| | | ढापुक रिङ्गरोड स्तरोन्नती | १० लाख |
| ९) | ९ | मालिका- सिर्कोट- बाजगडे सडक स्तरोन्नती | १० लाख |
| | | गडहरे डाँडाथोक मालिका ग्रामिण सडक स्तरोन्नती | १० लाख |

३१. नगरपालिकाको प्राथमिकतामा रहेको रणनैतिक सडक मध्ये बयरघारी-बानेथोक-देउराली-विरुवा सडक खण्डको स्तरोन्नतीका लागी संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी रकम विनियोजन गर्ने व्यवस्था मिलाइने छ ।

३२. नगरपालिकाको प्रशासकीय भवनको सुरक्षा र कार्यवातावरण मैत्री कार्यस्थल बनाउनका लागि छतमा ट्रष्ट निर्माण र भवनमा रङ्गरोगन गर्नका लागि एकमुष्ट रु. २५ लाख विनियोजन गर्ने व्यवस्था मिलाइएको छ ।

३३. नगरपालिका क्षेत्रभित्र आँधिखोलाको दाँयाबाँया रहेका करिब २८ सय ९० रोपनी खेतियोग्य उर्वर भुमि संरक्षणका लागी संघीय सरकारको विशेष अनुदानबाट तटबन्धन गर्नका लागि रु. १ करोड ५० लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

३४. संघन सहरी विकास कार्यान्वयन इकाई पोखराको सहकार्य र समन्वयमा बयरघारी आँधिखोलाको पक्की पुल देखी खिलुङ देउराली स्वास्थ्य चौकी सम्मको करिब १.५ कि.मी. सडक कालोपत्रे गर्ने र ढापुक फेदीदेखि जामुनेडाँडा (८ नं. वडा कार्यालय) सम्मको करिब २ सय मिटर कच्ची सडक कालोपत्रे गर्ने व्यवस्था मिलाइएको छ ।

३५. आन्तरिक पर्यटन प्रवर्द्धन गरी नगरपालिकाको आन्तरिक आम्दानीमा वृद्धि गर्न सघन सहरी विकास कार्यान्वयन इकाई पोखराको सहकार्य र समन्वयमा सरसफाई व्यवस्थापन केन्द्र तथा भीरकोट पार्कमा निर्माण हुने गरी तालको विचमा मन्दिर निर्माण गर्ने कार्यका लागि रु. ५० लाख विनियोजन गर्ने व्यवस्था मिलाइएको छ ।

३६. चालू आर्थिक वर्षको अनुभव समेतलाई मध्येनजर गरी आगामी आर्थिक वर्षमा प्रदेश तथा जिल्ला स्तरीय कार्यालयबाट आँधिखोलामा हुने तटबन्धनका लागि नगरपालिकाको तर्फबाट साझेदारी र सहलगानी गर्न रु. १० लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

३७. वडा नं ४ को वडा कार्यालय निर्माणका लागि जग्गा खरिद गर्न रु. १३ लाख र वडा कार्यालयको प्रशासनिक भवन निर्माण गर्न रु. ५० लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु।

३८. संघीय सरकार, प्रदेश सरकार, सडक वोर्ड नेपाल, पर्यटन वोर्ड र नवप्रवर्तन साझेदारी कार्यक्रम समेतका अन्य सरकारी निकायहरुबाट वित्तिय हस्तान्तरण भई आउने कार्यक्रममा सहलगानी गर्नका लागी एकमुष्ट रु. २ करोड ५० लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

३९. चालू आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सम्पन्न भएका, संघीय तथा प्रदेश सरकारद्धारा उपलब्ध गराइएको बजेट सिलिङ अनुसारको रकम प्राप्त नभई भुक्तानी गर्न बाँकी रहने आयोजनाहरुको आगामी आर्थिक वर्षमा भुक्तानी गर्नेगरी अनुमानित रु. ५० लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

४०. ग्रिजि स्क्रिनिङ मेसिनमा प्रयोगहुने सवारीसाधन भाडा वापतको चालू खर्च कम गर्नका लागि १ थान टिपर खरिद गर्न रु. ५० लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

४१.नगरबासीहरुको माग निवेदन र वडा कार्यालयको सिफारिसका आधारमा पूर्वाधार विकाससँग सम्बन्धित अत्यावश्यक भौतिक निर्माण कार्य गर्न एकमुष्ट रु. ५३ लाख ५० हजार विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

४२. नगरपालिकाको गौरबको रुपमा रहेको भीरकोट खेलमैदानको स्तरोन्नती, मर्मतसम्भार तथा संरक्षण, खेलमैदानको विस्तार, प्याराफिटको निर्माण र विद्युतिकरण कार्यका लागि संघीय तथा प्रदेश सरकारसँग आवश्यक पहल गर्ने व्यवस्था मिलाएको छु ।

४३.नगरपालिकाको फोहोरमैला व्यवस्थापन केन्द्र, खेलमैदान, भीरकोट पार्कको विस्तार समेतका कार्यहरुका लागी आवश्यक पर्ने जग्गा खरिद गर्न रु. ५० लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु।

४४. नगर क्षेत्र भित्र रहेका मुख्य तथा सहायक ग्रामिण सडकहरुको नियमित रुपमा सरसफाई गरी बाह्रै महिना यातायात सूचारु गर्न वडा नं ३ र ८ लाई क्रमशः १०/१० लाख, ५ र ९ का लागि रु ७/७ लाख र बाँकी ५ वटा वडाहरुलाई ५/५ लाख गरी जम्मा रु. ५९ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

४५. वडा अन्तर्गत वसोबास गर्ने वडाबासीहरुको आवश्यकता अनुसारका योजना तथा कार्यक्रमहरु संचालन गर्न वडा नं ३ र ८ लाई रु. ४०/४० लाखका दरले र बाँकी वडाहरुलाई रु.३०/३० लाखका दरले जम्मा रु. २ करोड ९० लाख वडास्तरीय आयोजनाका लागि विनियोजन गर्ने व्यवस्था मिलाएको छु।

४६.नगरपालिका अन्तरगत रहेका सामुदायिक विद्यालय वडा कार्यालय आमा समूह र युवा क्लवका भवनहरुको निर्माण, मर्मत सम्भार र घेराबार गर्न आवश्यक पर्ने रकम विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

**ख) आर्थिक विकास**

४७. संघीय सरकारबाट वित्तिय हस्तान्तरण अन्तर्गत विनियोजित भई आएको रकमका अतिरिक्त कृषि तथा पशुपालन क्षेत्रमा संलग्न कृषकहरुको आवश्यकता अनुसार कृषि तथा पशुपालन कार्यक्रम संचालन गर्नका लागि नगरपालिकाको आन्तरिक स्रोतबाट पशुपन्छी विकास कार्यक्रमका लागि रु. ५ लाख र कृषि विकास कार्यक्रमका लागि रु. २ लाख गरी जम्मा रु. ७ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

४८. संघीय सरकारबाट उद्यमशिल विकास कार्यक्रम अन्तर्गत शसर्त अनुदानमा जम्मा रु. १३ लाख रकम विनियोजन भई आएकोले उक्त कार्यक्रमहरु संघीय तथा प्रदेश सरकारद्धारा जारी भएका ऐन, नियम, कार्यविधि, मापदण्ड तथा निर्देशिका अनुसार संचालन गर्ने/गराउने व्यवस्था मिलाइनेछ ।

४९. संघीय तथा प्रदेशसरकारहरुबाट युवा खेलकुद तथा शिक्षा क्षेत्रका कार्यक्रम अन्तर्गत शसर्त अनुदानमा जम्मा रु २१ करोड ६४ लाख ७८ हजार रकम विनियोजन भई आएकोले उक्त कार्यक्रमहरु संघीय तथा प्रदेश सरकारद्धारा जारी भएका ऐन, नियम, कार्यविधि, मापदण्ड तथा निर्देशिका अनुसार संचालन गर्ने/गराउने व्यवस्था मिलाइनेछ ।

५०. संघीय तथा प्रदेश सरकारबाट स्वास्थ्य क्षेत्रका कार्यक्रममा शसर्त अनुदानतर्फ जम्मा रु. ३ करोड ६२ लाख ५२ हजार रकम विनियोजन भई आएकोले उक्त कार्यक्रमहरु संघीय तथा प्रदेश सरकारद्धारा जारी भएका ऐन, नियम, कार्यविधि, मापदण्ड तथा निर्देशिका अनुसार संचालन गर्ने/गराउने व्यवस्था मिलाइनेछ ।

५१. संघीय तथा प्रदेश सरकारबाट पशुपन्छी विकास कार्यक्रम तर्फ शसर्त अनुदानमा जम्मा रु. २९ लाख ४४ हजार रकम विनियोजन भई आएकोले उक्त कार्यक्रमहरु संघीय तथा प्रदेश सरकारद्धारा जारी भएका ऐन, नियम, कार्यविधि, मापदण्ड तथा निर्देशिका अनुसार संचालन गर्ने/गराउने व्यवस्था मिलाइनेछ ।

५२. संघीय तथा प्रदेश सरकारबाट कृषि विकास कार्यक्रम तर्फ शसर्त अनुदानमा जम्मा रु. ८३ लाख ६० हजार रकम विनियोजन भई आएकोले उक्त कार्यक्रमहरु संघीय तथा प्रदेश सरकारद्धारा जारी भएका ऐन, नियम, कार्यविधि, मापदण्ड तथा निर्देशिका अनुसार संचालन गर्ने/गराउने व्यवस्था मिलाइनेछ ।

५३. प्रधानमन्त्री रोजगार कार्यक्रममा संघीय सरकारबाट शसर्त अनुदान अन्तर्गत रोजगारी सिर्जनाका लागि एकमुष्ट रु. ५१ लाख ४२ हजार विनियोजन भई आएकोले उक्त कार्यक्रम संघीय सरकारको ऐन, नियम, कार्यविधि, मापदण्ड तथा निर्देशिका अनुसार संचालन गर्ने/गराउने व्यवस्था मिलाइनेछ र यस कार्यक्रमलाई थप प्रभावकारी बनाउन नगरपालिकाको आन्तरिक आम्दानीबाट खर्च व्यहोर्ने गरी मेयरसँग रोजगार कार्यक्रम अन्तर्गत रु. ९ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

५४. विगत आर्थिक वर्ष देखि गाईपालक कृषक, दुग्ध उत्पादक सहकारीलाई दुध ढुवानीमा दिइदै आएको अनुदान कार्यक्रमको निरन्तरताका लागि रु. ७ लाख २० हजार रकम विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

५५. गाई तथा भैसीपालन व्यवसायमा संलग्न कृषकलाई प्रोत्साहन गरी दुग्ध उत्पादनमा उत्पादित परिमाणको आधारमा कार्यपालिका बैठकको निर्णय अनुसार गाई/भैसीको दुधमा अनुदान दिन र भैसीपालक किसानहरुलाई थप प्रोत्साहन गरी प्रत्येक सुत्केरी भैसी बराबर रु. ३ हजार अनुदान दिने कार्यका लागि एकमुष्ठ रु. ५ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

**ग) वातावरण तथा विपद् व्यवस्थापन**

५६. नगरपालिकाको कार्यक्षेत्र भित्र वातावरण तथा सरसफाई कार्यक्रमका लागि रु. ३ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

५७. मनसुनजन्य प्राकृतिक विपद तथा अन्य कारणले आउन सक्ने महामारीजन्य प्रकोप नियन्त्रणका लागि आवश्यक पर्ने औषधिउपचार तथा उपकरण खरिदका लागि रु. २ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

५८. नगरपालिका क्षेत्रभित्र हुनसक्ने प्राकृतिक तथा मानविय प्रकोप तथा विपद्बाट आहातमा पर्ने नगरवासीहरुलाई राहत तथा पुनस्थापना कार्यका लागि एकमुष्ठ रु. ८ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

**घ) सामाजिक विकास**

५९. नगरक्षेत्र भित्र रहेका अति विपन्न दलित, अल्पसंख्यक समुदायको उत्थानका लागी आवश्यक कार्यक्रम संचालन गर्न रु. ५ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु।

६०. सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको शारीरिक, मानसिक, संवेगात्मक तथा बौद्धिक विकासका लागि नियमित रुपमा गर्रिंदै आएको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई थप व्यवस्थित तथा प्रभावकारी रुपमा संचालन गर्न रु. १५ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

६१. नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयका बालविकास केन्द्रमा अध्यापनरत सहयोगी कार्यकर्ता, विद्यालयमा कार्यरत कर्मचारी र लेखा हेर्ने कर्मचारीहरुलाई संघीय सरकारबाट उपलब्ध गराइने सेवा सुविधामा

सत प्रतिशत थप गरी सेवा सुविधा उपलब्ध गराउन रु. ६५ लाख १३ हजार विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

६२. विगत आर्थिक वर्ष देखि स्वास्थ्य सेवामा कार्यरत महिला स्वयंसेविकाहरुको नियमित बैठक, खाजा खर्च, यातायात खर्च र संचार खर्चलाई आगामी आर्थिक वर्षमा निरन्तरता दिनका लागि रु. १२ लाख ४८ हजार, गर्भवती महिलाहरुलाई अण्डा वितरण कार्यक्रमका लागि रु. ७ लाख र सुत्केरी महिलाहरुलाई प्रसुति पोषण भत्ताबापत रु. ८ लाख गरी जम्मा रु. २७ लाख ४८ हजार नगरपालिकाको आन्तरिक स्रोतबाट विनियोजन गर्ने व्यवस्था मिलाएको छु।

६३. नगरक्षेत्रमा बसोबास गर्ने फरक क्षमता भएका नागरिकहरुको जीवनयापनलाई सहज र सरलिकरण गर्नका लागि आवश्यक पर्ने सीप तथा क्षमताको विकास र आवश्यकता अनुसारका अन्य सामाग्रीहरु खरिद/वितरण गरी सहयोग गर्नका लागि फरक क्षमता भएका नागरिक उत्थान कार्यक्रम शिर्षकमा रु. ४ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

६४. नगर क्षेत्र भित्र रहेका युवा-युवतीहरुको शारीरिक, मानसिक तथा संवेगात्मक विकास गरी उनिहरुलाई आवश्यकता अनुसार नगरपालिकाद्धारा संचालित कार्यक्रममा सहभागि गराउन तथा खेलकुद विकासका लागि एकमुष्ट रु. १० लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु।

६५. मिति २०७७ साल फागुन २२ गते घोषणा भएको बालमैत्री स्थानीय शासनका सुचकहरु र उक्त कार्यक्रमको निरन्तरताका लागि रु. १० लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु।

६६. सामुदायिक विद्यालयहरुमा विगतदेखि कार्यान्वयनमा रहेको पढ्नको लागि कक्षा कोठा कार्यक्रमको प्रभावकारितालाई मध्यनजर गरी कार्यपालिका बैठकबाट निर्णय भएका सामुदायिक विद्यालयहरुमा क्रमशः पढ्नको लागि कक्षा कोठा कार्यक्रम संचालन गर्न रु. ५ लाख, स्थानीय पाठ्यक्रमको परिमार्जन तथा छपाई गरी कक्षा १ देखि ८ सम्म अध्ययनरत विद्यार्थीहरुलाई पाठ्यपुस्तक निःशुल्क वितरण गर्ने प्रयोजनका लागि रु. ८ लाख र शैक्षिक क्यालेण्डर परिमार्जन तथा प्रकाशनका लागि रु. १ लाख गरी जम्मा रु. १४ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

६७. सामुदायिक विद्यालयहरुमा खस्कँदो शैक्षिक गुणस्तरलाई बढोत्तरी गर्न खुसी पाठ्यक्रम अगाडी वढाउन आवश्यक सम्भाव्यता अध्ययन नीति नियमको तर्जुमा तथा अध्ययन अवलोकनका लागि रु. १० लाख र कक्षा ६ मा अध्ययनरत सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई नगरपालिकाको आन्तरिक पहलमा दिवा खाजा उपलब्ध गराउनका लागि रु. ३ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

६८. बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रमको निरन्तरताका लागि कार्यविधि अनुसार खडा गर्नुपर्ने बालकल्याण कोष स्थापनाका लागि रु. २ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु।

६९. जिउँदो इतिहाँस र लामो अनुभव भएका नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने निश्चित उमेर समुहका जेष्ठ नागरिकहरुलाई कार्यपालिका बैठकको निर्णय अनुसारका सम्मान कार्यक्रम गर्नका लागि रु. ८ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

७०. नगरपालिका क्षेत्र भित्र प्राकृतिक र मानवीय प्रकोपका कारणले हुन सक्ने विपदबाट प्रभावित नगरबासीहरुलाई आर्थिक सहायता तथा पुनःस्थापना गरी उनिहरुको जिवनयापनलाई सहज बनाउनका लागि रु. ५ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु।

७१. नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने अति विपन्न दलित तथा गरिब नगरबासीहरुको स्वास्थ्य उपचारमा स्वीकृत कार्यविधि अनुसार आर्थिक सहयोग गर्नका लागी रु. ५ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

७२. नगरक्षेत्र भित्र बसोबास गर्ने विपन्न वर्गका नगरबासीहरुलाई वडा कार्यालयको सिफारिसमा आवश्यकता अनुसार घर तथा गोठ मर्मत, शौचालय निर्माण, खानेपानीका पाइप लगायतका बस्तुगत सामाग्रीहरु उपलब्ध गराउनका लागि बिपन्न वर्ग वस्तुगत सहायता कार्यक्रम शिर्षकमा रु. ७ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

७३. नगरक्षेत्र भित्र बसोबास गर्ने हरेक नगरबासीहरुलाई सहज रुपमा शुद्ध पिउने पानीको उपलब्धता, गुणस्तरको सुनिश्चितता र सरसफाई कार्यक्रमका लागि रु. ८ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

७४. नगरक्षेत्र भित्र रहेका अति विपन्न परिवारहरुको स्वास्थ्य सेवामा पहुँच विस्तार गरी उनीहरुको जीवनरक्षा गर्नका लागि अतिविपन्न नागरिक स्वास्थ्य वीमा कार्यक्रम कार्यविधि, २०८१ अनुसार अतिविपन्न नागरिकहरुको निशुल्क स्वास्थ्य वीमा कार्यक्रमका लागि रु. १० लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु।

७५. राष्ट्रिय दिवसका रुपमा रहेका प्रजातन्त्र दिवस, गणतन्त्र दिवस, निजामती सेवा दिवस, संविधान दिवस लगायतका दिवस तथा समारोह मनाउन एकमुष्ट रु. ३ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

७६. नगरपालिका क्षेत्र भित्र रहेका आमा दिदि बहिनिहरुको आवश्यकता अनुसारको क्षमता विकास तथा आय आर्जनका अन्य कार्यक्रमहरु संचालन गर्न महिलासँग उपमेयर कार्यक्रममा अन्तर्गत रु. १३ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

७७. नगरक्षेत्र भित्र रहेका विभिन्न जातजाती भाषा समुदायहरुका साँस्कृतिक तथा धार्मिक जात्रा मेला पर्वहरुको संरक्षण तथा सम्वर्द्धनका लागि रु. ३ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु।

७८. नगर अस्पतालबाट प्रवाह हुने स्वास्थ्य सेवालाई सहज, सरल र गुणस्तरीय बनाउन मौजुदा अस्थायी दरबन्दीको पुनरावलोकन गरी अस्पतालको आन्तरिक आम्दानीबाट तलब भत्ता खानेगरी अत्यावस्यक स्वास्थ्यकर्मीहरु सेवा करारमा लिने व्यवस्था मिलाइनेछ ।

**ङ) सुशासन तथा संस्थागत विकास**

७९. नगरपालिका र अन्तर्गतका निकायमा कार्यरत कर्मचारीहरु र पदाधिकारीहरुको लागी आवश्यक पर्ने पारिश्रमिक, पोशाक भत्ता लगायतका सेवा सुविधाहरुका लागि आवश्यक पर्ने रकम विनियोजन गर्ने व्यवस्था मिलाएकोछु ।

८०. प्रदेश लोक सेवा आयोग बाट सिफारिस भई नगरपालिकामा कार्यरत कर्मचारीहरुको योगदानमा आधारित निवृत्तिभरण कोषका लागी आवश्यक पर्ने रकम रु. ५ लाख विनियोजन गर्ने व्यवस्था मिलाएकोछु।

८१. आगामी आर्थिक वर्ष २०८१/८२ देखि सामाजिक सुरक्षा भत्ता वितरणलाई बायोमेट्रिक प्रणालीमा परिवर्तन गर्न संघीय सरकारबाट भएको निर्देशानुसार आवश्यक पर्ने सामाग्री खरिद गर्न रु ४ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

८२. नगर अस्पतालबाट प्रवाह हुने स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउनका लागि नगर अस्पतालको फर्निचर खरिदका लागि रु. १० लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छ।

८३. साविकको स्थानीय निकायबाट यस कार्यालयमा समायोजन भई आएका र यस नगरपालिकाबाट स्थायी नियुक्ती भएका कर्मचारीहरुले अवकाश पश्चात पाउने उपदान र औषधी उपचार लगायतका सेवा सुविधा सुनिश्चितताको लागी कर्मचारी कल्याण कोषको लागि रु. १० लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छ ।

८४. कार्यालय संचालनका लागी आवश्यक पर्ने धारापानी, विजुली, इन्धन सवारी साधनको मर्मत, वीमा तथा नवीकरण, मेशिनरी औजारको मर्मत सम्भार, मसलन्द तथा कार्यालय सामाग्री, सूचना तथा छपाई, सेवा परामर्श, सफ्टवेयर संचालन लगायतका चालू खर्चका लागी चालू आर्थिक वर्षको यथार्थ खर्च समेतलाई मध्येनजर गरी सो अनुसार आवश्यक पर्ने रकम विनियोजन गर्ने व्यवस्था मिलाएको छ ।

८५. कर्मचारी तथा पदाधिकारीहरुको ज्ञान सीप तथा क्षमता विकास र समुदायस्तरमा जनचेतना फैलाउने कार्यका लागि आवश्यक पर्ने रकम विनियोजन गर्ने व्यवस्था मिलाएको छ।

८६. नगरपालिका अन्तर्गत रहेका ९ वटा वडा कार्यालयहरुलाई आवश्यक पर्ने कार्यक्रम बजेट अन्तर्गत प्रतिवडा १/१ लाखका दरले रु ९ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छ।

८७. न्यायिक समितिमा कार्यरत पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास, कानूनी परामर्श समेतका न्यायीक समितिसंग सम्बन्धित कार्यक्रमका लागि रु. ३ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छ ।

८८. नगरबासीहरुको स्वास्थ्य सेवामा पहुँच, सेवाको विस्तार र नगर अस्पतालबाट प्रदान गरिने सेवा तथा सुविधाको गुणस्तरलाई सुनिश्चितता गर्नका लागि नगर अस्पताल संचालन तथा व्यवस्थापन खर्च कार्यक्रम शिर्षकमा रु. ५० लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छ।

८९. ग्रिजी स्क्रिनिङ भाइब्रेटिङ मेशिनबाट उत्पादित नदिजन्य पदार्थहरुको संकलन तथा प्रशोधन कार्यको निरन्तरता र यसको गुणस्तरमा सुधारका लागि संचालन खर्च रु. २० लाख, संकलित सामाग्रीको ढुवानीका लागि रु. १५ लाख, प्लान्टको मर्मतसम्भारका लागि रु. १० लाख, इन्धन खर्चबापत रु. १० लाख र विद्युत महशुलमा रु. ५ लाख गरी जम्मा रु. ६० लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छ ।

९०. नगरपालिका र अन्तर्गतका कार्यालयहरुबाट नियमित रुपमा सम्पादन हुने विकास निर्माण लगायतका सम्पूर्ण गतिविधिहरु चौमासिक रुपमा आम नगरबासीहरुलाई जानकारी गराई उनीहरुबाट आवश्यक पृष्ठपोषण लिनका लागि सार्वजनिक सुनुवाइ कार्यक्रम अन्तर्गत रु. ४ लाख ५० हजार विनियोजन गर्ने व्यवस्था मिलाएको छ ।

९१. नगरक्षेत्र भित्र रहेका धार्मिक, साँस्कृतिक स्थल र महत्त्वपूर्ण पर्यटकीय स्थलहरुको पुननिर्माण, मर्मतसम्भार तथा रङरोगन गर्नका लागी क्रमश रु. १०/१० लाख गरी जम्मा रु. २० लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छ।

९२. संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट सम्पादित योजना तथा कार्यक्रमहरुको नियमित रुपमा अनुगमन, मुल्याङ्कन तथा पृष्ठपोषणका लागि आवश्यक पर्ने रकम विनियोजन गर्ने व्यवस्था मिलाएको छ।

९३. गत आर्थिक वर्षदेखि दिँदै आएको मदर्शामा कार्यरत शिक्षकहरुलाई दिइने प्रोत्साहन कार्यक्रमको निरन्तरताका लागि रु. ९ लाख ७५ हजार विनियोजन गर्ने व्यवस्था मिलाएको छ ।

९४. नगरपालिकाले संचालन गर्दै आएको बसपार्क, ग्रिजिस्क्रिनिङ मेसिन रहेको जग्गाको भाडा र ४ नं वडा कार्यालयको भाडा तथा कार्यपालिका बैठकको निर्णयानुसार कर्मचारीलाई उपलब्ध गराउने आवास सुविधा भुक्तानीका लागि आवश्यक पर्ने रकम विनियोजन गर्ने व्यवस्था मिलाएको छ ।

९५.अत्यावश्यक परिस्थितिमा भाडामा लिनुपर्ने सवारीसाधन, मेशिनरी लगायतका अन्य सामाग्रीहरु भाडामा लिनका लागि आवश्यक पर्ने रकम विनियोजन गर्ने व्यवस्था मिलाएको छु।

९६.भीरकोट नगरपालिकाको खेलकुद मैदानमा खुल्ला व्यायमशाला निर्माण र मनोपरामर्श तथा शाररिक तन्दुरुस्ती सचेतना कार्यक्रमका लागि रु. १० लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु।

९७.कार्यपालिकाको निर्णानुसार तोकिएको मापदण्डको पालनागरी नगर क्षेत्र भित्र र बाहिर कार्यक्षेत्र रहेका विभिन्न संघ-सस्थाहरुलाई आवश्यकताका आधारमा दिइने अनुदान कार्यक्रमका लागि रु. १० लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

९८. भू उपयोग तथा जग्गा वर्गीकरण ऐन तथा नियमावली अनुसार स्थानीय भू उपयोग परिषद्बाट चालू आर्थिक वर्षमा गरिएको जग्गाको वर्गीकरणमा देखिएको समस्याहरुलाई सम्बन्धित निकायहरुसंगको सहयोग र समन्वयमा तत्काल न्यूनिकरण गर्ने व्यवस्था मिलाइनेछ ।

**सभाध्यक्ष महोदय,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि प्रस्तावित बजेटमा विनियोजन गरिएको रकमको स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न अनुमति चाहान्छु ।

९९.आगामी आर्थिक वर्ष २०८१/८२ का नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न जम्मा रु. ७८ करोड २६ लाख २० हजार रुपैया विनियोजन गरिएको छ । उक्त विनियोजित रकम मध्ये चालू तर्फ रु. ५९ करोड ८९ लाख ७० हजार रुपैया अर्थात ७६.५३ प्रतिशत रहेकोमा शसर्त अनुदानतर्फ रु.४० करोड ९० लाख ७९ हजार रुपैया अर्थात ५२.२७ प्रतिशत र नगरपालिकातर्फको चालू खर्च रु. १५ करोड ३८ लाख ९१ हजार रुपैया अर्थात १९.६६ प्रतिशत हुनेगरी व्यवस्था मिलाएको छु ।

१००. त्यसैगरी कुल विनियोजित रकम मध्ये पुँजिगत तर्फ रु. १८ करोड ३६ लाख ५० हजार रुपैया अर्थात २३.४६ प्रतिशत र सामाजिक सुरक्षा तर्फ रु १८ करोड रुपैया अर्थात २३ प्रतिशत रहेको छ ।

१०१. आर्थिक वर्ष २०८१/८२ का लागि अनुमान गरिएको कुल विनियोजित रकम मध्ये चालू आर्थिक वर्षको नगद मौज्दात बाट रु. १ करोड २० लाख रुपैया, आन्तरिक राजश्वबाट रु.४ करोड १७ लाख ७० हजार १७० रुपैया, संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँटबाट रु. १० करोड ७७ लाख १५ हजार ८७० रुपैया, अन्तर सरकारी वित्तिय हस्तान्तरणबाट रु. ४३ करोड ५१ लाख ३४ हजार रुपैया र अन्य स्रोतबाट रु. ९० लाख रुपैया हुने अनुमान गरिएको छ ।

**नगरसभा सदस्यज्यूहरु**

१०२. आर्थिक वर्ष २०८१/८२ का लागि प्रस्तावित बजेटका विभिन्न शिर्षकमा उल्लिखित रकमको शिर्षकगत कार्यक्रममा विनियोजित रकम संघीय तथा प्रदेश सरकारबाट सशर्त तथा विशेष अनुदानका कार्यक्रम र वडा

स्तरबाट संचालन हुने प्रस्तावित कार्यक्रम र विनियोजित रकमको विवरण अनुसूचीहरुमा समावेश गरिएको छ ।

१०३. आर्थिक वर्ष २०८१/८२ का लागि प्रस्तावित बजेटमा उल्लेख भए अनुसारको आन्तरिक राजस्वको लक्ष्य प्राप्त गर्नका लागी नगरपालिकाबाट प्रवाह हुने विभिन्न किसिमका सेवा तथा सुविधाहरुमा लाग्ने सेवा शुल्क, महशुल दस्तुर लगायतका विषयहरुमा गरिएको थपघट तथा हेरफेरको विवरण अनुसूचीमा समावेश गरिएको छ ।

अन्त्यमा भीरकोट नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को प्रस्तावित नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने कार्यमा मार्गदर्शन गर्नुहुने समआदरणीय नगरप्रमुखज्यू, कार्यपालिका सदस्यज्यूहरु, नगरस्तरीय राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु उद्योग वाणिज्य संघका पदाधिकारीज्यूहरु, सम्पूर्ण नगरबासी आमाबुवा, दाजुभाइ तथा दिदिबहिनिहरु, पत्रकार साथीहरु र राष्ट्रसेवक कर्मचारीहरुबाट प्राप्त भएको राय सल्लाह सुझाव तथा सहयोग प्रति हार्दिक आभार प्रकट गर्दै प्रस्तावित बजेट तथा कार्यक्रमको कार्यान्वयनमा समेत सोही अनुसारको सल्लाह तथा सहयोगको अपेक्षा गर्दछु ।

धन्यवादः

भगवती रेग्मी अर्याल
नगर उपप्रमुख
भीरकोट नगरपालिका

## आर्थिक वर्ष २०८१/८२ को अनुमानित आम्दानीको विवरण

| | | |
|---|---|---|
| १. | संघीय समानिकरण अनुदान | १०२२०००००० |
| २. | संघीय राजश्व अनुमान | ९००८९८७० |
| ३. | संघीय सशर्त अनुदान | २७१३७९००० |
| ४. | संघीय समपुरक अनुदान | १४०००००० |
| ५. | संघीय विशेष अनुदान | २१५००००० |
| ६. | प्रदेश समपुरक अनुदान | ६०००००० |
| ७. | प्रदेश समानिकरण अनुदान | १३०५५००० |
| ८. | प्रदेश राजश्व अनुमान | १४६२६००० |
| ९. | प्रदेश विशेष अनुदान | ४०००००० |
| १०. | सडक बोर्ड नेपाल | ९०००००० |
| ११. | मालपोत रजिष्टेशन दस्तुर | ३०००००० |
| १२. | सामाजिक सुरक्षा | १८००००००० |
| १३. | आन्तरिक आम्दानी | ५३७७०१३० |

## चालु आर्थिक वर्ष २०८१/८२ को विनियोजित बजेट तथा अनुमानित चालु खर्च विवरण

| सिनं | बजेट खर्च नं. | बजेट खर्च शिर्षक | आ.व.०७९/८०मा विनियोजित | आ.व. २०८०/८१ को लागि प्रस्तावित | आ.व. २०८१/८२ को लागि प्रस्तावित | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २१११ | पारिश्रमिक कर्मचारी | २०००००० | २३५००००० | २३५०००००.० | |
| २ | २१११२ | पारिश्रमिक पदाधिकारी | १२५००००० | ११५००००० | १२५०००००.० | |
| ३ | २११२१ | कर्मचारी पोशाक | ५००००० | ७००००० | १५०००००.० | |
| ४ | २११३२ | कर्मचारी महंगी भत्ता | ७००००० | ५००००० | ५०००००.० | |
| ५ | २११३४ | कर्मचारी बैठक भत्ता | १००००० | १०००००० | ५०००००.० | |
| ६ | २११३९ | अन्य भत्ता | १५००००० | १०००००० | १००००००.० | |
| ७ | २११४१ | पदाधिकारी बैठक भत्ता | २२००००० | २२००००० | २००००००.० | |
| ८ | २१२१३ | कर्मचारी योगदानमा आधारित विमा कोष | २००००० | ५००००० | ५०००००.० | |
| ९ | २१२१४ | कर्मचारी कल्याणकोष | ५००००० | ५००००० | १००००००.० | |
| १० | २२१११ | पानी तथा विजुली महशुल | १५००००० | १५००००० | १५०००००.० | |
| ११ | २२११२ | संचार महसुल | २०००००० | १५००००० | १५०००००.० | |
| १२ | २२२११ | इन्धन पदाधिकारी | २०००००० | १५००००० | ५०००००.० | |
| १३ | २२२१२ | इन्धन कार्यालय प्रयोजन | १२०००००० | ८०००००० | ६५०००००.० | |
| १४ | २२२१२ | इन्धन योजना प्रयोजन | ० | ० | २५०००००.० | |
| १५ | २२२१३ | सवारी साधन मर्मत | ५२००००० | ५२००००० | ५५०००००.० | |
| १६ | २२२१४ | सवारी साधन मर्मत वडाहरु | २२५००० | १८०००० | २२५०००.० | |
| १७ | २२२१४ | वीमा तथा नवीकरण खर्च | ७००००० | ८००००० | ९०००००.० | |
| १८ | २२२२१ | मशिनरी औजार मर्मतसंभार खर्च | ६००००० | ६००००० | ८०००००.० | |
| १९ | २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार | ५००००० | ५००००० | ५०००००.० | |
| २० | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ५५००००० | ४५००००० | ४००००००.० | |
| २१ | २२३१२ | मसलन्द तथा कार्यालय सामाग्री वडाहरु | १६२००० | १०८०००० | १०८००००.० | |
| २२ | २२३१४ | इन्धन अन्य प्रयोजन | २००००० | ४००००० | ४०००००.० | |
| २३ | २२३१५ | पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन | २५००००० | २०००००० | १८०००००.० | |
| २४ | २२४११ | सेवा र परामर्श खर्च | ३०००००० | २०००००० | १५०००००.० | |
| २५ | २२४१२ | सुचना प्रणाली तथा सफ्टवेयर सञ्चालन | ६००००० | ६००००० | ६०००००.० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | खर्च | | | | |
| २६ | २२४१३ | करार सेवा शुल्क | २५०००००० | २१०००००० | २१००००००.० | |
| २७ | २२४१४ | वातावरण तथा सरसफाई सेवा शुल्क | ५००००० | ३००००० | ३०००००.० | |
| २८ | २२४१९ | अन्य सेवा शुल्क | २००००० | २००००० | २०००००.० | |
| २९ | २२५११ | कर्मचारी तालीम | १०००००० | ९००००० | ५०००००.० | |
| ३० | २२५१२ | शीप विकास तथा जनचेतना तालीम गोष्ठी | १५००००० | १०००००० | ५०००००.० | |
| ३१ | २२५२२ | विपन्न दलित अल्पसंख्यक उत्थान कार्यक्रम | १०००००० | १०००००० | ५०००००.० | |
| ३२ | २२५२२ | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता | ८००००० | ५००००० | १५०००००.० | |
| ३३ | २२५२२ | भिरकोट पार्क स्तरउन्नती जग्गा खरिद समेत | १५००००० | २०००००० | ५००००००.० | |
| ३४ | २२५२२ | नियमित प्र.अ बैठक व्यवस्थापन खर्च | १२०००० | १२०००० | १२००००.० | |
| ३५ | २२५२२ | मेयरसँग रोजगार कार्यक्रम | १५००००० | १०००००० | ९०००००.० | |
| ३६ | २२५२२ | ९वटै वडा कार्यालयको कार्यक्रम बजेट | ९००००० | ९००००० | ९०००००.० | |
| ३७ | २२५२२ | न्यायिक समितीको क्षमता विकास | ५००००० | ३००००० | ३०००००.० | |
| ३८ | २२५२२ | नगरअस्पताल संचालन तथा व्यबस्थापन खर्च | १५००००० | ५०००००० | ५००००००.० | |
| ३९ | २२५२२ | पढ्नको लागी कोठा Room to Read कार्यक्रम | २०००००० | ८००००० | ५०००००.० | |
| ४० | २२५२२ | स्थानीय पाठ्यक्रमको परिमार्जन तथा छपाइ खर्च | २०००००० | १०००००० | ८०००००.० | |
| ४१ | २२५२२ | पशु पंक्षी विकास कार्यक्रम | १०००००० | ५००००० | ५०००००.० | |
| ४२ | २२५२२ | स्वयं सेविकाहरु यातायात तथा संचार खर्च | १२४८००० | १२४८००० | १२४८०००.० | |
| ४३ | २२५२२ | जेष्ठ नागरिक उत्थान कार्यक्रम | ५००००० | ४००००० | ८०००००.० | |
| ४४ | २२५२२ | विपन्न,गरीव तथा असहाय आथिक सहायता तथा पुनस्थापन | १५००००० | १०००००० | ७०००००.० | |
| ४५ | २२५२२ | विपन्न,गरीव तथा असहाय वर्ग औषधी उपचार खर्च | १५००००० | १०००००० | ७०००००.० | |
| ४६ | २२५२२ | ग्रिजी स्क्रिनिङ्ग भाइब्रेटिङ्ग मेशीन प्लाण्टको संचालन खर्च तथा तलव, भत्ता | ० | ० | २०००००००.० | |
| ४७ | | ग्रिजी स्क्रिनिङ्ग भाइब्रेटिङ्ग मेशीन प्लाण्टको संचालन खर्च ढुवानी | ० | ० | १५०००००.० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४८ | | ग्रिजी स्क्रिनिङ्ग भाइब्रेटिङ्ग मेशीन प्लाण्टको संचालन खर्च मर्मत | ० | ० | १०००००.० | |
| ४९ | | ग्रिजी स्क्रिनिङ्ग भाइब्रेटिङ्ग मेशीन प्लाण्टको संचालन खर्च इन्धन | ० | ० | १०००००.० | |
| ५० | | विद्युत महसुल ग्रिजी स्कृनिङ्ग मेशीन | ० | ० | ५०००००.० | |
| ५१ | २२५२२ | कक्षा 3.5.8 को परीक्षा व्यबस्थापन खर्च | २००००० | २००००० | ५०००००.० | |
| ५२ | २२५२२ | विपन्न वर्ग वस्तुगत सहायता कार्यक्रम | ४०००००० | २०००००० | ७०००००.० | |
| ५३ | २२५२३ | खानेपानी तथा सरसफाइ कार्यक्रम | ४०००००० | ० | ८०००००.० | |
| ५४ | २२५२२ | प्रारम्भिक बाल विकास केन्द्र र विद्यालयमा कार्यरत कर्मचारिहरुको पारिश्रमिक | ९०००००० | ६५१३००० | ६५१३०००.० | |
| ५५ | २२५२२ | फरक क्षमता भएका नागरिक उत्थान कार्यक्रम | ५००००० | ४००००० | ४०००००.० | |
| ५६ | २२५२२ | प्रसुती पोषण भत्ता | १५००००० | ८००००० | ८०००००.० | |
| ५७ | २२५२२ | अत्यावश्यक ओषधी तथा उपकरण खरिद | ३००००० | २००००० | २०००००.० | |
| ५८ | २२५२२ | युवा तथा खेलकुद कार्यक्रम | १०००००० | १०००००० | १००००००.० | |
| ५९ | २२५२२ | बालमैत्रि स्थानीय शासन प्रवर्दन कार्यक्रम | ५००००० | ७००००० | १००००००.० | |
| ६० | २२५२२ | सार्वजनिक सुनुवाई कार्यक्रम | १५०००० | २००००० | ४५००००.० | |
| ६१ | २२५२२ | शैक्षिक क्यालेन्डर प्रकाशन | ८५००० | ५०००० | १०००००.० | |
| ६२ | २२५२२ | क्याम्पस अनुदान | १५००००० | १५००००० | १५०००००.० | |
| ६३ | २२५२२ | पर्यटन पुर्वाधार मर्मत संभार तथा रंगरोगन | ५००००० | ५००००० | ५०००००.० | |
| ६४ | २२५२२ | गर्भवती महिलालाई अण्डा वितरण कार्यक्रम | १०००००० | ७००००० | ७०००००.० | |
| ६५ | २२५२२ | विपन्न परिवारलाइ निशुल्क स्वास्थ्य विमा | १०००००० | १०००००० | १००००००.० | |
| ६६ | २२५२२ | विभिन्न दिवस तथा समारोह व्यवस्थापन खर्च | १००००० | १००००० | ३०००००.० | |
| ६७ | २२५२२ | महिलासंग उपमेयर कार्यक्रम | १५००००० | १०००००० | १३०००००.० | |
| ६९ | २२५२२ | दैवी प्रकोप तथा विपद व्यवस्थापन मार्यक्रम | १०००००० | १०००००० | ८०००००.० | |
| ७० | २२६११ | अनुगमन तथा मुल्यांकन खर्च | ३०००००० | १०००००० | ८०००००.० | |
| ७१ | २२६११ | पदाधिकारी अनुगमन तथा मुल्यांकन खर्च | ० | ३००००० | २०००००.० | |
| ७२ | २२६११ | भ्रमण खर्च | ३००००० | २००००० | २०००००.० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७३ | २२७११ | विविध खर्च | २०००००० | १३००००० | १३०००००.० | |
| ७४ | २२७११ | विविध राहत वितरण खर्च | ३००००० | ३००००० | ३०००००.० | |
| ७५ | २२७२१ | सभा संचालन तथा यातायत खर्च | ७००००० | ५००००० | ४०००००.० | |
| ७६ | २५३१४ | धार्मिक तथा सास्कृतिक क्षेत्रको मर्मत सम्भार | १५००००० | १०००००० | १००००००.० | |
| ७७ | २५३१४ | मदर्सा संचालन खर्च | १०००००० | ९७५००० | ९७५०००.० | |
| ७८ | २७२११ | छात्रवृत्ति रकम (विपन्न.जेहन्दार) | २२५००० | ४००००० | ४०००००.० | |
| ७९ | २८१४१ | जग्गाको भाडा | ६००००० | ७००००० | ७०००००.० | |
| ८० | २८१४२ | घरभाडा | ७००००० | ७००००० | ५०००००.० | |
| ८१ | २८१४३ | सवारी साधन तथा मेशीनरी ओजार भाडा | ५००००० | ५००००० | ५०००००.० | |
| ८२ | २८१४५ | गौशाला व्यवथापन | ५००००० | १००००० | १००००००.० | |
| ८३ | २२५२२ | विभिन्न संघसंस्था अनुदान | १०००००० | ० | १००००००.० | |
| ८४ | २२५२२ | जग्गा व्यवस्थापन संबन्धी खर्च | १०००००० | ० | १०००००.० | |
| ८५ | २२५२२ | दुध ढुवानी तथा प्रसुती भैंसी भत्ता अनुदान | ० | ० | १२२००००.० | |
| ८६ | २२५२२ | संस्थागत विद्यालय सेनेटरी प्याड खरिद | ० | ० | १०००००.० | |
| ८७ | २२५२२ | विभिन्न जनजातीको संस्कृती जगेर्ना संबन्धी कार्यक्रम | ० | ० | ३०००००.० | |
| ८८ | २२५२२ | कृषि विकास कार्यक्रम | ० | ० | २०००००.० | |
| ८९ | २२५२२ | लिजा.एफ आर ए संबन्धि कार्यक्रम | | | २०००००.० | |
| ९० | २२५२२ | कक्षा ६ दिवा खाजा व्यबस्थापन खर्च | ० | ० | ३०००००.० | |
| ९१ | २२५२२ | बाल कल्याणकोष | ० | ० | २०००००.० | |
| ९२ | २२५२२ | स्वास्थ्य चौकी मसलन्द खर्च | ० | ० | १६००००.० | |
| ९३ | २२५२२ | भीरकोट प्रज्ञा प्रतिष्ठान कार्यक्रम खर्च | ० | ० | १०००००.० | |
| ९४ | २२५२२ | मुस्लिम संबोधन कार्यक्रम | ० | ० | ३०००००.० | |
| ९५ | २२५२२ | बालश्रममुक्त स्थानीय तह | ० | ० | १०००००.० | |
| ९६ | २२५१२ | मादल बजाउने तालीम | ० | | ३०००००.० | |
| ९७ | २२५२२ | खुशी शिक्षा कार्यक्रम | ० | ० | १००००००.० | |
| ९८ | २२५२२ | वडा सदस्य अध्ययन तथा अवलोकन भ्रमण | ० | ० | ७०००००.० | |
| | | जम्मा रकम रु | १६१८१५००० | १३७७६६००० | १५३८९१०००.०० | |

## आर्थिक वर्ष २०८१/८२ को विनियोजित बजेट तथा अनुमानित अनिवार्य पुंजीगत दायित्व विवरण

| सिनं | बजेट खर्च नं. | बजेट खर्च शिर्षक | विनियोजित रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | | आंधिखोलामा बाध निर्माण साझेदारी कार्यक्रम | ७००००० | |
| २ | | वडा ४ कार्यालय भवन निर्माण | ५०००००० | |
| ३ | | वडा ४ कार्यालय भवन निर्माण जग्गा खरिद | १३००००० | |
| ४ | | वायोमेट्रीक मेशन खरिद | ४००००० | |
| ५ | | प्रशासनीक भवनको ट्रस निर्माण तथा रंगरोगन | २५००००० | |
| ६ | | दभुङ्गठांटी मा.वि.घेराबार | ३००००० | |
| ७ | | फर्निचर खरिद | १०००००० | |
| ८ | | समपुरकोष | २५०००००० | |
| ९ | | आ.व. २०८०/८१ को भुक्तानी बांकी | ५०००००० | |
| १० | | टिप्पर खरिद थान-१ | ५०००००० | |
| ११ | | क्रसर मेशीन दर्ता, अनुमती तथा IEE | १०००००० | |
| १२ | | नगरक्षेत्र पुर्वाधार विकास कार्यक्रम | ५३५०००० | |
| १३ | | छाङ्गछाङ्गदी शिव मन्दिर पुर्वाधार निर्माण वडा नं.४ | ५००००० | |
| १४ | | वडास्तरीय योजना वडा ३ र ८- ३९०००००*२ | ७८००००० | |
| १५ | | वडास्तरीय योजना वडा १,२,४,५,६,७,९-२९०००००*७ | २०३००००० | |
| १६ | | वडास्तरीय योजना सडक सरसफाइ वडा ३/८-१०००००० | २०००००० | |
| १७ | | वडास्तरीय योजना सडक सरसफाइ वडा ५/९-७०००००*२ | १४००००० | |
| १८ | | वडास्तरीय योजना सडक सरसफाइ वडा १,२,४६,७-५०००००*५ | २५००००० | |
| १९ | | भीरकोट पार्कमा निर्माण हुने तालमा मन्दिर निर्माण | ५०००००० | |

| | | | | |
|---|---|---|---|---|
| २० | | मेयर संबोधन वडास्तरीय पुर्वाधार कार्यक्रम वडा ३,८ | ६०००००० | |
| २१ | | मेयर संबोधन वडास्तरीय पुर्वाधार कार्यक्रम वडा १,२,४,५,६,७,९ | १४०००००० | |
| २२ | | क्षेत्री समाज भवन निर्माण वडा १ | १०००००० | |
| २३ | | राधाकृष्ण मार्गआमा समुह भवन निर्माण वडा १ | ७००००० | |
| २४ | | लाकुरीडांडा आमा समुह भवन निर्माण वडा १ | ५००००० | |
| २५ | | लगनशीलआमा समुह भवन निर्माण वडा २ | ५००००० | |
| २६ | | माथिल्लो गाउ इदगाह निर्माण वडा नं. २ | ५००००० | |
| २७ | | पखेरे चिहानडांडा खा.पा.टंकी निर्माण वडा नं. ८ | २५०००० | |
| २८ | | ढापुक खांणदेवि मन्दिर निर्माण वडा नं. ८ | २५०००० | |
| २९ | | गढीभञ्ज्याङ्ग आ. वि.विद्यालय भवन निर्माण वडा नं. ५ | ५००००० | |
| ३० | | महेन्द्रज्योती मा.वि.ट्रस निर्माण वडा नं.७ | ३००००० | |
| ३१ | | खिलुङ्ग कालिका मन्दिर बली निर्माण स्थल वडा नं. ७ | ३००००० | |
| ३२ | | छाङ्गछाङ्गदी मन्दिर अगाडिबाट माथिल्लो टारी हुंदै खोलासम्म जाने मोटरेवल बाटो निर्माण वडा नं. ४ | ५००००० | |
| ३३ | | कार्यालय भवन ट्रस निर्माण वडा नं. ३ | ७००००० | |
| ३४ | | कार्यालय मर्मत संभार वडा नं. ९ | ५००००० | |
| ३५ | | ठुलीभञ्ज्याङ्ग देवीस्थान आमा समुह भवन वडा नं ९ | ५००००० | |
| ३६ | | गडहरेगुफा संरक्षण वडा नं. ९ | ३००००० | |
| ३७ | | मेशीनरी सामान खरिद (कम्प्युटर ) | ४००००० | |
| ३८ | | **शारिरीक तन्दुरुस्तीको लागी जीम खानाको समाग्री र खेलकुद मैदान** | १०००००० | |
| ३९ | | **विविध कार्यक्रम** | १०००००० | |
| ४० | | बलमाटा भल नियन्त्रण वडा नं. ७ | ३००००० | |
| ४१ | | सुर्यमुखि आ.वि. मर्मत वडा नं. ८ | १५०००० | |
| ४२ | | सिरुखर्क देउराली आ.वि.मर्मत वडा नं. ८ | १५०००० | |
| ४३ | | सुन्दरचौर देउराली मन्दिर निर्माण वडा नं. ६ | ५००००० | |
| | | | १२२८५०००० | |